**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले , कृषि भारतको अर्थव्यवस्थाको मेरुदण्ड रहेको तथा देशको दीर्घकालीन विकास यात्राको लागि एक रणनीतिक स्तम्भ रहेको बताउनु भएको छ ।**

- **राष्ट्रपति द्रौपदी मुर्मु भोलि दार्जिलिङको सिलगडीको भ्रमणमा आउनुहुनेछ।**

- **केन्द्रिय गृहमन्त्री अमित शाहले भारत 31 मार्च 2026 सम्ममा नक्सलवादबाट पूर्ण रूपमा मुक्त हुने बताउनु भएको छ।**

- **आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै भारतीय जनता पार्टीले आज 'संकल्प यात्रा' को एक भागको रूपमा पश्चिम बङ्गालको खड़गपुरमा विशाल बाइक रैलीको आयोजना गर्यो ।**

- **मिरिक महकुमा अन्तर्गत बुन्कुलुंग बस्तीमा क्षेत्रका मौरी पालकहरुलाई लिएर जागरुकता कार्यक्रम सम्पन्न भएको छ ।**

**प्रधानमंत्री नरेन्द्र मोदी -कृषि र ग्रामीण बदलाव - वेबिनार**

प्रधान मन्त्री नरेन्द्र मोदीले , कृषि भारतको अर्थव्यवस्थाको मेरुदण्ड रहेको तथा देशको दीर्घकालीन विकास यात्राको लागि एक रणनीतिक स्तम्भ रहेको बताउनु भएको छ । भिडियो कन्फरेन्स मार्फत कृषि र ग्रामीण रूपान्तरणको विषयमा बजेटपछिको वेबिनारलाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, सरकारले कृषि क्षेत्रलाई बलियो बनाउनका लागि लगातार धेरै कदमहरू चालेको छ। उहाँले यस वर्षको केन्द्रीय बजेटले कृषि र ग्रामीण रूपान्तरणलाई बल प्रदाङ गरेको बताउनु भएको छ।

**राष्ट्रपति द्रौपदी मुर्मु - दार्जिलिंग**

राष्ट्रपति द्रौपदी मुर्मु भोलि दार्जिलिङको भ्रमणमा आउनुहुनेछ ।उहाले सिलगडी नजिक बिधाननगर क्षेत्रमा अन्तर्राष्ट्रिय संथाल परिषद्द्वारा आयोजित नवौं अन्तर्राष्ट्रिय संथाल सम्मेलनमा भाग लिनुहुन्छ |

**केन्द्रिय गृहमन्त्री**

केन्द्रिय गृहमन्त्री अमित शाहले भारत 31 मार्च 2026 सम्ममा नक्सलवादबाट पूर्ण रूपमा मुक्त हुने बताउनु भएको छ। उहाले भन्नुभएको छ -, सुरक्षा बलहरूको निरन्तर अभियान र केन्द्र सरकारको दृढ़ संकल्पका कारण देश अब यस समस्याबाट मुक्तिको अन्तिम चरणमा पुगेको छ।कटकको मुन्डुलीमा केन्द्रिय औद्योगिक सुरक्षा बल (सीआईएसएफ) को 57औं स्थापना दिवस समारोहलाई सम्बोधन गर्नुहुदै श्री शाहले केन्द्र सरकार देशबाट नक्सलवादलाई पूर्ण रूपमा उन्मूलन गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ । उहाले अझ भन्नुभयो -, भारत 31 मार्चसम्ममा नक्सलवादबाट मुक्त हुनेछ। नरेन्द्र मोदी नेतृत्व सरकार निर्धारित समयसीमाभित्र नक्सलवाद उन्मूलन गर्न प्रतिबद्ध रहेको बताउनुहुदै उहाले सीआईएसएफले यस दिशामा महत्वपूर्ण भूमिका खेलेको

दाबी गर्नुभयो ।श्री शाहले अझ भन्नुभयो - चाहे ओडिशा होस्, छत्तीसगढ़ होस् वा तेलंगाना, सीआईएसएफले नक्सलवाद विरुद्धको लड़ाईमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।"

**रक्षामन्त्री राजनाथ सिंह**

रक्षामन्त्री श्री राजनाथ सिंहले अनिश्चितताको यस युगमा सान्दर्भिक रहनका लागि आत्मनिर्भरता नै एक मात्र उपाय भएको बताउनुभएको छ। श्री राजनाथ सिंहले कोलकातामा आयोजित रक्षा र समुद्री संवाद 'सागर संकल्प-भारतको समुद्री शानको फिर्ता को उद्घाटन गरेपछि उहाले यस आशय बारे मन्तब्य पोख्नु भएको हो उहाले अहिलेको वैश्विक परिस्थितिले आपूर्ति श्रृंखलाहरुको को पुनर्गठन भएको तथा समुद्री गतिविधिहरूमा लगातार वृद्धि भएको बताउनु भएको छ। रक्षा मन्त्री श्री सिंहले अझ भन्नुभयो - वर्ष २०२४-२५ मा घरेलु रक्षा उत्पादनले १लाख ५० हजार करोड रुपियाको रेकर्ड आँकडा पार गरेको छ। रक्षा निर्यात पनि २४ हजार करोड रुपियाको अहिलेसम्मकै उच्च विन्दुमा पुगेको उहाले बताउनुभएको छ ।

**विधानसभा चुनाव -भारतीय जनता पार्टी -रैली**

आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै भारतीय जनता पार्टीले आज 'संकल्प यात्रा' को एक भागको रूपमा खड़गपुरमा विशाल बाइक रैलीको आयोजना गर्यो । भाजपाका वरिष्ठ नेता दिलीप घोषको नेतृत्वमा भएको रैलीमा ठूलो संख्यामा कार्यकर्ताहरू उपस्थित थिए। जय श्री राम र भारत माता की जयको नारा शहरभरि गुञ्जिएको थिए ।दिलीप घोष आफैंले बाइक चढेर रैलीको नेतृत्व गर्नुभएको थियो । ¥याली खडगपुर शहरका विभिन्न क्षेत्र हुँदै शहरको चारैतिर फैलिएको थियो। यस क्रममा स्थानीय जनतासँग संवाद पनि भएको थियो भने मजदुरहरुमा निकै उत्साह पनि देखिएको थियो ।भाजपा सुत्र अनुसार खडगपुर सांगठनिक रूपमा तीन विभागमा विभाजित छ। रैलीको क्रममा दिलीप घोष तीन मण्डलका अध्यक्षहरूसँग बुलेट मोटरसाइकलमा शहर परिक्रमा गरिरहेका थिए।यस अवसरमा दिलीप घोषले राज्य सरकारमाथि कटाक्ष गर्दै राज्यकी मुख्यमन्त्री ममता बनर्जीको कार्यशैलीको आलोचना गर्नुभयो । उहाले भन्नुभयो- , 'ममता बनर्जीलाई धरना बाहेक अरु केही गर्न आउँदैन। उहा एक असफल मुख्यमन्त्री हुनुहुन्छ।

**केंद्रीय वस्त्र मंत्री गिरिराज सिंह - कोलकाता**

केन्द्रीय वस्त्र मन्त्री गिरिराज सिंहले आज कोलकातामा जुट, ह्यान्डलूम र हस्तशिल्प क्षेत्रसँग सम्बन्धित अधिकारी र हितधारकहरूसँग समीक्षा बैठक गर्नुभयो। बैठकमा नवीनता, विविधीकरण र मूल्य अभिवृद्धिको माध्यमबाट परम्परागत कपडा उद्योगहरूलाई बलियो बनाउने रणनीतिहरूको बारेमा चर्चा गरियो।
बैठकमा हथकरघा र हस्तशिल्प क्षेत्रका अधिकारीहरू, क्षेत्रीय वस्त्र मन्त्रालयका प्रतिनिधिहरू, जुट बोर्ड, जूट र सम्बद्ध फाइबरहरूका लागि केन्द्रीय अनुसन्धान संस्थान, राष्ट्रिय प्राकृतिक फाइबर इन्जिनियरिङ र प्रधौगिकी संस्थान र भारतीय जुट उद्योग अनुसन्धान सङ्घका प्रतिनिधिहरू उपस्थित थिए।
बैठकमा केन्द्रीय मंत्री श्री गिरिराज सिंहले जुट क्षेत्र द्रुत गतिमा रूपान्तरण भइरहेको र यसले विविध र उच्च मूल्यका उत्पादनहरूको विकास गरिरहेको बताउनु भएको छ ।
केन्द्रीय मन्त्रीले भन्नुभयो, जुट र अन्य प्राकृतिक फाइबरहरूमा तकनिकी अपनाउने, नवीनता र विविधीकरणले स्थानीय उत्पादनहरूलाई प्रोत्साहित गर्नेछ र आत्मनिर्भर भारतको लक्ष्यलाई बलियो बनाउनेछ। यसले बुनकरहरू, कारीगरहरू र जुट किसानहरूलाई सशक्त बनाउनेछ र भारतीय परम्परागत वस्त्र क्षेत्रको वैश्विक प्रतिस्पर्धालाई बढाउनेछ।

**पश्चिम बंगाल - मतदाता सूची**

पश्चिम बङ्गालमा, मतदाता सूचीको विशेष गहन पुनरीक्षणको प्रक्रियालाई द्रुत बनाउनका लागि ओडिशा र झारखण्डबाट २०० थप न्यायाधीशहरू नियुक्त गरिएको छ। यी नवनियुक्त न्यायाधीशहरूले लगभग ६० लाख विचाराधिन मुद्दाहरूको जाँच गर्नेछन्। राज्यको मुख्य चुनाउ अधिकारीको कार्यालयका अनुसार यी न्यायाधीशहरू उत्तर र दक्षिण २४ परगना, पूर्व र पश्चिम बर्दवान, हावडा, हुगली, नादिया र बीरभूम जिल्लामा नियुक्त हुनेछन्। अहिले लगभग ५ सय ५० न्यायाधीश एसआईआरसँग

सम्बन्धित मुद्दाको समाधान गर्ने कार्यमा संलग्न छन् । चुनाउ आयोग सुत्र अनुसार, विचाराधीन मुद्दाहरूको द्रुत समाधानका लागि धेरै प्रशासनिक कदमहरू चालिएको छ। अहिलेसम्म लगभग ६ लाख मुद्दा समाधान भइसकेका छन् ।

**भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा- खरसाङ**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटिको पहलमा आज खरसाङ बजार क्षेत्रभित्रका विभिन्न समुदायका प्रतिनिधिहरूसंग एक सभा सम्पन्न भएको छ। सभालाई टाउन कमिटीको मूल सचिव बीरबल पाखरीनले सञ्चालन गर्नुभ्येको थियो l सभामा मुस्लिम समुदाय, हकर्स युनियन, यल्मो एसोसिएशन, भोटिया एसोसिएशन, हरिजन कल्याण समिति, बिहारी समाज, शेर्पा समुदायको प्रतिनिधिहरू उपस्थित थिए l वक्ताहरूले आगामी चुनावमा सम्पूर्ण समुदायको सदस्यहरूको भूमिका बारे बिशेष चर्चा परिचर्चा गरिएको जानकारी प्राप्त भएको छ।सभामा सर्वसम्मत्तिद्वारा आगामी दिनमा सम्पूर्ण समुदाय मिलेर एक वृहत सभा गरिने निर्णय लिएको जानकारी प्राप्त भएको छ।

**सुकान्त मजुमदार- ममता ब्यनर्जी**

विशेष गहन पुनरीक्षण (एसआईआर)-को मुद्दामा मुख्यमन्त्री ममता ब्यनर्जी शुक्रवार कोलकातामा धरनामा बसिनl उनको यस धरनालाई लिएर भाजपा नेता तथा केन्द्रिय मन्त्री सुकान्त मजुमदारले तीव्र कटाक्ष गर्नुभएको छ l बागडोगरा हवाईअड्डा उत्रेपछि पत्रकारहरूसित बातचीत गर्नुहुदै श्री मजुमदारले भन्नुभयो -, मुख्यमन्त्री ममता ब्यनार्जीले अहिलेबाटै “अभ्यास” गरिरहेकी छन्। सुकान्त मजुमदारले आगामी दिनमा राज्यमा भाजपाको सरकार गठन हुने दाबी गर्नुभयो l, उहाले राज्यपाल सीबी आनदबोसले आफ्नो शारीरिक अस्वस्थताको कारणले राजिनामा अडिएको बताउनु भएको छ l नयाँ राज्यपाल नियुक्त गरिएको छ, तर उनी स्थायी हुनेछन् वा छैनन्, आगामी दिनमा मात्र स्पष्ट हुनेछ। उहाले यो पनि भन्नुभयो -, नयाँ राज्यपाल नियुक्त गर्नअघि गृह मन्त्रालयले मुख्यमन्त्रीसित चर्चा गर्नुपर्ने बाध्यता संविधानमा उल्लेख छैन। उल्लेखनीय छ, राज्यपालको राजीनामालाई लिएर मुख्यमन्त्री ममता ब्यनर्जीले हिजो एक्समा पोस्ट गरी केन्द्र सरकारमाथि लक्षित गर्नुभएको थियो l सुकान्त मजुमदारले आफ्नो भ्रमणको क्रममा अलिपुरद्वार र कुचबिहारमा राजनीतिक सभाहरूलाई सम्बोधन गर्नुहुनेछ l

**खरसाङ-पाठशाला -उद्धार**

खरसाङ महकुमा अन्तर्गत पर्ने ऐतिहासिक दुधे बस्ती प्राथमिक पाठशालाको जीर्ण अवस्थालाई मध्यनजर राख्दै आजदेखि यसको मर्मत सम्भार कार्य विधिवत् रूपमा सुरु भएको छ। सन् १९७२ मा स्थापित भएको यो विद्यालय यस क्षेत्रको शिक्षाको प्रमुख केन्द्र रहे तापनि लामो समयदेखि उचित मर्मतको अभावमा भवनको अवस्था अत्यन्तै नाजुक र जोखिमपूर्ण बनेको थियो। छ। पाठशालाको दयनीय र असुरक्षित अवस्थालाई लिएर स्थानीय बासिन्दाहरूले गम्भीर चासो देखाउँदै उचित मर्मतका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए। यसै क्रममा, स्थानीय मानिसहरूले जीटीए (GTA) कार्यपाल अनित थापालाई पत्राचार गरे पछी श्री थापाको सक्रियतामा पाठशालाको जीर्णोद्धार शुरु भएको रिपोर्टमा बताइएको छ ।

**पुल बिजनबारी-सडक निर्माण**

पुल बिजनबारी गोक समष्टि अधिनस्त गोक दुई ग्राम पञ्चायतको कोलबुङ पदेङ रोडको पर्वत गोलाई देखि कोम राई गाँउसम्म पुग्ने पक्की बाटोको आज विधिवत पुजा अर्चनाको साथमा शिलान्यास गरियो। वैदिक पुजा अर्चनाको साथमा आरम्भ गरिएको शिलान्यास कार्यक्रममा क्षेत्र स्तरीय नेतृत्वसगै सर्वसाधारण गाउँवासीहरुको बाक्लो उपस्थिति रहेको थियो। शिलान्यास गरिएको बाटोको कुल लम्बाई ४ किलोमीटर रहेको तथा उक्त बाटो निर्माण पथश्री परियोजना अन्तर्गत निर्माण गरिने भएको छ l

**मिरिक -बुन्कुलुंग -मौरी पालन**

मिरिक महकुमा अन्तर्गत बुन्कुलुंग बस्तीमा क्षेत्र का २५ जना मौरी पालकहरुलाई लिएर आज जागरुकता कार्यक्रम सम्पन्न भयो l बुन्कुलुंग हानी एण्ड एग्रो प्रोसेसिंग इनडस्ट्री को ओपेरेटिभ सोसाईटी लिमिटेडको योजनामा तथा आत्मा मिरिकको सहयोग मा सम्पन्न कार्यक्रममा कृषि बिभाग मिरिकका अधिकारीहरुले आधुनिक मौरी पालन बारे मौरीपालकहरुलाई सैधान्तिक एव

व्यवहारिक ग्यान प्रदान गरे l सोसाइटी का उपाध्यक्ष एनबी लिम्बु ले आज सम्पन्न कार्यक्रममा परम्परागत मौरी पालान बाट आधुनिक मौरी पालब बारे बिशेष जानकारी प्रदान गरिएको जानकारी दिनुभएको छ l

**नेपाल -मतदान जारी**

नेपालका प्रत्येक निर्वाचन क्षेत्रमा मतगणना जारी छ। झापा क्षेत्र नम्बर ५ बाट उम्मेदवार रहेका प्रधानमन्त्री पदका उम्मेदवार बालेन्द्र शाह ११ हजार ९४५ मतले अगाडि छन्। उहाका प्रतिद्वन्द्वी पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले हालसम्म दुई हजार ६९२ मत प्राप्त गरेका छन्। काठमाडौं क्षेत्र नं १ र २ मा रास्ट्रीय स्वतन्त्र पार्टी का रञ्जु न्यौपाने र शिशिर कहनाल विजयी भएका छन् भने मुस्ताङ क्षेत्र नं १ बाट नेपाली कांग्रेसका योगेश गौचन थकाली विजयी भएका छन्।

**जलपाईगुड़ी-मृत्यु**

जलपाईगुड़ी जिल्लाको धूपगुड़ीमा शुक्रवार बन्द अवस्थामा रहेको ट्राफिक बूथभित्र अज्ञात व्यक्तिको शव भेटिए पछि क्षेत्रमा सनसनी फैलिएको छ। प्राप्त जानकारी अनुसार कुमलाई ब्रिज नजिक बन्द रहेको ट्राफिक पुलिस बूथभित्र स्थानीय मानिसहरूले बिहान एक जना व्यक्तिको शव लड़िरहेको देखे। त्यसपछि तुरून्तै पुलिसलाई सूचना दिइयो। सूचना पाउनसाथ धूपगुड़ी ट्राफिक थानाका ओसी तथा पुलिस टीम घटनास्थलमा पुग्यो र शवलाई आफ्नो कब्जामा लियो। प्राप्त जानकारी अनुसार यो ट्राफिक बूथ बनिए देखि नै लामो समयदेखिकै बन्द अवस्थामा छ। शवलाई पुलिसले पोस्टमर्टम गर्नको लागि पठाएको छ। मृतकको पहिचान खोलाउने चेष्टा गरिँदैछ।

**खोरीबारी -अन्तर्राष्ट्रिय महिला दिवस**

अन्तर्राष्ट्रिय महिला दिवसलाई ध्यानमा राख्दै दार्जिलिङ मेरी वार्ड सामाजिक केन्द्रले आज खोरीबारी हाई स्कूलको खेल मैदानमा एक जागरूकता कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा उत्तर बंगाल विश्वविद्यालयको कानून विभागकी पूर्व प्राध्यापक गंगोत्री चक्रवर्ती प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो l सिलगढी महकुमा परिषद्‌की सहायक अध्यक्ष रोमा रेश्मी एक्का, सेनाका अधिकारीहरू पनि उपस्थित थिए। विभिन्न चिया बगान र संस्थाका सयौं युवतीहरूले भाग लिएका कार्यक्रममा विभिन्न विषयमा महिलाहरुलाई जागरूकगराइयो तथा सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरिएको थियो।

****** ० ******